# नमुना वस्तीमा नमुना कृषि आयआर्जन कार्यक्रम सञ्चालन कार्यविधि २०७५

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

**कृषि विकास निर्देशनालय**

गण्डकी प्रदेश

मालेपाटन, पोखरा

# नमुना वस्तीमा नमुना कृषि आयआर्जन कार्यक्रम सञ्चालन कार्यविधि २०७५

**प्रस्तावना**

गण्डकी प्रदेशको विभिन्न स्थानहरूमा नमुना गाउँ वा वस्तीहरू रहेका छन् । जस्तैः उदाहरणको लागि लम्जुङको घले गाउँ, कास्कीको सिक्लेस, तनहुँको बन्दिपुर, गोरखाको मनकामना आदि । ती नमुना गाउँ वस्तीहरूमा तरकारी खेती, फलफूल खेती, च्याउ खेती, मौरीपालन आदि जस्ता कृषिमा आधारित आयआर्जन कार्यक्रम सञ्चालन गर्न सकेमा पर्यटक र स्थानीयवासीहरूले स्वस्थ कृषि उत्पादन उपभोग गर्न पाउने, कृषकहरूको आयआर्जन वृद्धि हुने र नमुना गाउँवस्तीहरूको आकर्षण पनि बढी भएकाले आ.व. २०७५।७६ को लागि सङ्घबाट ससर्त अनुदान प्राप्त नमुना वस्तीमा नमुना कृषि आयआर्जन कार्यक्रम सञ्चालनलाई पारदर्शी र प्रभावकारी बनाउनको लागि कार्यविधि बनाइ कार्यक्रम सञ्चालन गर्न वान्छनीय भएकोले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो कार्यविधि तयार गरी लागू गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम **नमुना वस्तीमा नमुना कृषि आयआर्जन कार्यक्रम सञ्चालन कार्यविधि २०७५** रहनेछ ।

ख) यो कार्यविधि गण्डकी प्रदेश, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले स्वीकृत गरेको मितिबाट लागू हुनेछ ।

**२. कार्यविधि लागू हुने क्षेत्र**

यो कार्यविधि गण्डकी प्रदेशभर लागू हुनेछ ।

**३. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा

(क) **नमुना वस्तीः** नमुना वस्ती भन्नाले कुनै सामाजिक, संस्कृति, धार्मिक र पर्यटकीय विशेषता बोकेको र व्यवस्थित वसोवास रहेको गाउँवस्ती जहाँ आन्तरिक तथा बाह्य पर्यटकहरू अवलोकन भ्रमण तथा अध्ययनका लागि आउने गर्दछन् ।

(ख) **नमुना कृषि आय आर्जन कार्यक्रमः** नमुना कृषि आय आर्जन कार्यक्रम भन्नाले आधुनिक प्रविधिहरूको प्रयोग गरी आकर्षक तरिकाले कृषि बालीवस्तुहरूको उत्पादन कार्यक्रम सञ्चालन गरी स्थानीयस्तरमा नै स्वस्थ कृषि उपजहरूको उत्पादन गरी कृषकहरूको आयआर्जन बढाउने कार्यलाई जनाउँछ ।

(ग) **"मन्त्रालय"** भन्नाले गण्डकी प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनुपर्छ ।

(घ) **"निर्देशनालय"** भन्नाले गण्डकी प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत रहेको कृषि विकास निर्देशनालय भन्ने सम्झनुपर्छ ।

(ङ) **"केन्द्र"** भन्नाले कृषि विकास निर्देशनालय अन्तर्गत जिल्लास्थित कृषि प्रविधि तथा प्रसार सेवा उपलब्ध गराउने कृषि ज्ञान केन्द्र भन्ने सम्झनुपर्दछ ।

(च) **"प्रमुख"** भन्नाले कृषि ज्ञान केन्द्र वा कृषि विकास निर्देशनालयका प्रमुखलाई सम्झनुपर्दछ ।

(छ) **छनौट समिति** भन्नाले पेश भएको परियोजना प्रस्तावलाई मूल्याङ्कन गरी परियोजना छनौट गर्ने समितिलाई सम्झनुपर्दछ ।

## ४. कार्यक्रमको उद्देश्य

यस कार्यविधि अनुसार सञ्चालन हुने कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछः

- गण्डकी प्रदेशका नमुना गाउँवस्तीहरूमा वसोवास गर्ने कृषकहरूलाई व्यवसायिक कृषिमा आकर्षण गरी उनीहरूको आयआर्जन वृद्धि गर्न सहयोग पुर्याउने ।
- गण्डकी प्रदेशका पर्यटकीय विशेषता भएका नमुना गाउँहरूमा आन्तरिक र बाह्य पर्यटकहरूको आवागमन वृद्धि गर्न सहयोग गर्ने।
- पर्यटकीय सम्भावना बोकेका नमुना गाउँवस्तीमा नियमित रूपमा स्वच्छ कृषि उत्पादन आपूर्तिमा सहयोग गर्ने ।

## परिच्छेद २

## कार्यक्रम सञ्चालन विधि

## ५. सूचना प्रकाशन तथा प्रस्ताव पेश गर्ने

क) यस कार्यविधि अनुरूप गण्डकी प्रदेशका विभिन्न जिल्लाहरूको सम्भाव्य गाउँहरूमा नमुना कृषि आयआर्जन कार्यक्रम सञ्चालनका लागि गण्डकी प्रदेश सरकारबाट सहयोग पुर्याउन उद्देश्यले सम्बन्धित केन्द्रले राष्ट्रिय प्रत्रिकामा ३० दिनको म्याद दिई सूचना प्रकाशन गर्ने । प्रकाशित सूचना लगायतका अन्य आवश्यक कागजातहरू केन्द्रको वेवसाइट पनि राख्ने व्यवस्था गर्नु गर्नेछ । प्रेसित सूचनाको व्यापक प्रचार-प्रसारका लागि स्थानीय निकायका सबै कार्यालयहरूमा सूचना टाँस्ने व्यवस्था हुनुपर्ने । सूचना बमोजिम सम्बन्धित कृषक समूह, कृषि सहकारी, कृषि फार्म, कृषि वा पर्यटन सम्बन्धी कम्पनी वा संस्था आदिले प्रस्ताव पेश गर्ने ।

ख) उपदफा (क) बमोजिम सूचना प्रकाशन भए अनुरूप आवेदकले दफा ६ बमोजिम योग्यता पुगेका व्यक्ति वा संस्थाहरूले विस्तृत कार्य योजना सहित अन्य सम्पूर्ण आवश्यक

कागजात समावेश गरी अनुसूची ७ मा उल्लेख भएका कुनै एक वा सोभन्दा धेरै कार्यक्रमहरू एउटा निश्चित क्लष्टरमा सञ्चालन गर्ने गरी केन्द्रमा आवेदन प्रस्ताव पेश गर्न सक्नेछन् ।

## ६. आवेदन दिन आवश्यक योग्यता

यस कार्यविधि अनुरूप कार्यक्रम सञ्चालनका लागि देहाय बमोजिमका सबै योग्यता पुगेका प्रस्तावक वा उद्यमीहरूले अनुसूची २ अनुसार आवेदन दिन सक्नेछन् ।

क) आवेदक कानून बमोजिम दर्ता भई स्थायी लेखा नम्बर लिएको हुनुपर्नेछ । कृषि क्षेत्रसँग सम्बन्धित कार्यहरू सञ्चालन गर्ने उद्देश्य भएको संस्था हुनु पर्ने छ। कानुन बमोजिम दर्ता भएका कृषक समूह र कृषि सहकारीहरू पनि कार्यक्रम सञ्चालनका लागि योग्य मानिने छन् । कृषक समूहको हकमा स्थायी लेखा नम्बर लिएको हुनु नपर्ने ।

ख) आवेदकले कानून अनुसार पूरा गर्नुपर्ने सबै दायित्वहरू जस्तैः लेखापरीक्षण, कर चुक्ता, नवीकरण पूरा गरेको हुनुपर्नेछ ।

ग) कार्यक्रम सञ्चालनका लागि छनौट भएका संस्थाहरूको आफ्नै स्वामित्वमा रहेको वा कम्तीमा ५ वर्षका लागि लिजमा लिएको जग्गा हुनुपर्नेछ ।

घ) आवेदकले आफ्नो कार्यको प्राविधिक इष्टिमेट, लेआउट, कृषिजन्य वस्तुहरूको उत्पादन योजना तथा पूर्वाधार निर्माण योजनाको हकमा मान्यता प्राप्त प्राविधिक वा फर्म (आपूर्तिकर्ता) बाट तयार भएको हुनुपर्नेछ ।

ङ) कार्यक्रम सञ्चालनका लागि आफूले व्यहोर्न लागत अंश वहन सक्ने क्षमता भएको हुनुपर्नेछ।

## ७. छनौट तथा मूल्याङ्कन समिति

यस कार्यविधि बमोजिम पेश भएका कार्यक्रम प्रस्तावको मूल्याङ्कन र सो सम्बन्धी कार्यहरू गर्नका लागि देहाय बमोजिम छनौट समिति गठनको व्यवस्था गरिएको छ । यस कार्यविधि अनुरूप अनुदान दिने निर्णायका लागि सिफारिस यसै समितिले गर्नेछ ।

| | |
|---|---|
| क) कृषि प्रसार अधिकृत, केन्द्र | -अध्यक्ष |
| (ख) बाली संरक्षण अधिकृत, केन्द्र | -सदस्य |
| (ग) बागवानी विकास अधिकृत, केन्द्र | -सदस्य सचिव |

समितिले आवश्यकता अनुसार बढीमा २ जनासम्म विषय विशेषज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ । उपरोक्त समिति गठनका लागि उल्लेख भए बमोजिमको अधिकृत उपलब्ध नभएमा वा रिक्त भएमा कार्यालयमा भएका विषय सम्बन्धित कृषि प्राविधिक राखी समिति गठन गर्न सकिनेछ ।

## ८. छनौट समितिको काम, कर्तव्य र अधिकार

क) यस कार्यविधि अनुसार पेश हुन आएका कार्यक्रम प्रस्तावहरूको मूल्याङ्कन गर्ने ।

ख) स्वीकृत बजेटको परिधिभित्र रही प्रस्तावित कार्यक्रम सञ्चालनका लागि अनुदान उपलब्ध गराउन केन्द्र प्रमुखलाई सिफारिस गर्ने ।

ग) प्रस्तावित कार्यक्रम सञ्चालनका लागि प्रगतिका आधारमा अनुदानको पहिलो किस्ता र अन्य किस्ताहरू उपलब्ध गराउन सिफारिस गर्ने ।

घ) सञ्चालित कार्यक्रमहरूको अनुगमन गरी प्रतिवेदन पेश गर्ने ।

ङ) केन्द्र प्रमुखलाई सञ्चालित कार्यक्रमहरूको प्रगति विवरण उपलब्ध गराउने ।

# परिच्छेद ३

# अनुदान रकम स्वीकृति र सम्झौता

९. दफा (७) बमोजिम गठित छनौट समितिले यस कार्यविधिको अनुसूची ७ मा उल्लेख भएका कार्यक्रमहरू सञ्चालनका लागि स्वीकृत कार्यक्रम र विनियोजित बजेट अनुसार अनुदान उपलब्ध हुनेछ । उल्लेखित कार्यक्रमहरू सञ्चालनका लागि आवश्यक पर्ने उत्पादन समाग्रीहरू जस्तैः बिउ, मल, विषादी, प्लाष्टिक आदि तथा प्रशोधन र बजारीकरणका लागि आवश्यक सामग्रीहरूमा अधिकतम ८५ प्रतिशतसम्म अनुदान उपलब्ध हुनेछ। एउटा प्रस्तावका लागि अधिकतम रु ३ लाखसम्म अनुदान उपलब्ध हुने ।

१०. अनुदान प्राप्त हुने रकमको अधिकतम ३ (तीन प्रतिशत) रकम कन्टिन्जेन्सी बापत राखिनेछ र सो रकम सूचना प्रकाशन, स्टेशनरी, अनुगमन, बैठक भत्ता, प्रस्ताव मूल्याङ्कन, पारिश्रमिक आदिमा खर्च गरिनेछ।

११. छनौट समितिबाट स्वीकृति प्राप्त भएपछि सोको आधारमा केन्द्र प्रमुखले अनुदानग्राहीसँग अनुसूची ५ अनुसारको प्रुतिबद्धता लिइ थप Negotiation गरी अनुसूची ६ बमोजिमको सम्झौता गरी कार्यादेश दिनेछ ।

## परिच्छेद ४

## अनुदान रकम उपलब्ध गराउने र खर्च गर्ने विधि

### १२. अनुदान प्रवाह विधि

क) प्रस्तावकले सम्झौता बमोजिम कार्य गरिसकेपछि स्थलगत प्रतिवेदन, बिल भरपाई र कार्य सम्पन्न प्रतिवेदनको आधारमा रकम भुक्तानी गरिनेछ ।

ख) अनुदान रकम एकाउण्ट पेयी चेक मार्फत उपलब्ध गराइनेछ । सम्झौता बमोजिम कार्य प्रगति मूल्याङ्कनका आधारमा सम्बन्धित प्राविधिक वा छनौट समितिको सिफारिसमा बढीमा २ किस्तामा भुक्तानी दिइनेछ । पहिलो किस्ता आधा काम सम्पन्न भएपछि प्रगति र अनुगमनका आधारमा र अन्तिम किस्ताको रकम काम सम्पन्न भएपश्चात प्राविधिकको अनुगमन, काम सम्पन्नको प्रतिवेदन र सम्पूर्ण बिल भरपाई प्राप्त भएकपछि मात्र उपलब्ध गराइने।

ग) यस कार्यविधि अनुरूप उपलब्ध हुने अनुदान सम्बन्धी अभिलेख राखिनेछ ।

### १३. अनुदानग्राहीले पालना गर्नुपर्ने अन्य कुरा

क) प्रस्तावक वा उद्यमीले यस कार्यविधि अनुसार सञ्चालन हुने वा भएको कामको विस्तृत विवरण, कुल लागत, सहयोग उपलब्ध गराउने संस्था, काम सम्पन्न हुने अवधि इत्यादिको होर्डिङ बोर्ड निर्माण स्थलमा राख्ने व्यवस्था गर्नुपर्नेछ ।

ख) अनुदानग्राहीले आफूले सञ्चालन गरेको कार्यक्रमको सार्वजनिक सुनुवाइ गर्नुपर्नेछ । सार्वजनिक सुनुवाइमा आफूले प्राप्त गरेको रकमको विवरण, सञ्चालन गरिएका कार्यक्रमको विवरण र प्राप्त भएको प्रगति तथा उपलब्धिहरूको जानकारी गराउनु पर्नेछ ।

ग) अनुदान सहयोगमा सञ्चालित कार्यक्रम समापन पश्चात अनुदानग्राहीले त्यसको निरन्तरता दिनु पर्नेछ। आवश्यक अनुसार मर्मत सम्हार लगायतका कार्यहरूलाई नियमितता दिनुपर्नेछ ।

घ) कार्य सञ्चालनका क्रममा मन्त्रालय, निर्देशनालय लगायतका अन्य प्रदेशस्तरीय कार्यालयहरूबाट दिएको निर्देशनको पालना गर्नुपर्नेछ ।

ङ) गण्डकी प्रदेश सरकारले चाहेमा जुनसुकै बखत उद्यमीको पूर्वाधार निर्माण तथा कार्यक्रम सञ्चालनको हिसाब सम्बन्धी किताब हेर्न सक्नेछ । हिसाब देखाउनु सम्बन्धित उद्यमीको दायित्व हुनेछ ।

च) अनुदानग्राहीले अनिवार्य रूपमा बाली बिमा गराउनुपर्नेछ ।

छ) प्रस्तावित संरचना निर्माणपश्चात मर्मत सम्भारको जिम्मा अनुदानग्राहीको हुनेछ ।

ज) प्रास्तावित संरचनाहरू निर्माण गर्दा कुनै दुर्घटना भएमा त्यसको जिम्मेवारी अनुदानग्राहीले नै लिनुपर्नेछ ।

## परिच्छेद ५

## अनुगमन तथा मूल्याङ्कन व्यवस्था

### १४ अनुगमन तथा मूल्याङ्कन

यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन देहाय बमोजिम हुनेछ ।

(क) यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, निर्देशनालय र केन्द्रले गर्नेछ ।

(ख) मन्त्रालय, निर्देशनालय र केन्द्रले आवश्यकता अनुसार अनुगमन तथा मूल्याङ्कन सम्बन्धी ढाँचा तयार गरी सोही ढाँचा बमोजिम प्रतिवेदन तयार गरी समग्र प्रगतिको विश्लेषण गर्नेछ ।

## परिच्छेद ६
## विविध

### १५. अनुदान रकमको दुरूपयोग सम्बन्धमा

क) सम्झौता अनुरूप काम नगर्ने अनुदानग्राही वा उद्यमीलाई छनौट समितिले अनुदान रकम रोक्का राख्न सक्नेछ।

ख) यस कार्यविधि बमोजिम अनुदान रकम लिई दुरूपयोग गरेको पाइएमा वा रकमको हिसाब नबुझाएमा त्यस्ता अनुदानग्राहीलाई प्रचलित ऐन नियम बमोजिम कारवाही गरी असुल उपर गरिनेछ।

### १६. बाधा अड्चन निरूपण

क) यस कार्यविधि कार्यान्वयनमा केही बाधा व्यवधान आइपरेमा वा विवाद उत्पन्न भएमा सोको निरूपण छनौट समितिको सिफारिसमा केन्द्र प्रमुखले गर्नेछ ।

### १७. संशोधन तथा परिमार्जन

क) यो कार्यविधिमा केही कुरा संशोधन वा परिमार्जन गर्न परेमा निर्देशनालयको सिफारिसमा मन्त्रालयले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

### १८. प्रचलित कानुन बमोजिम हुने

यस कार्यविधिमा उल्लेख भएका विषयहरू यसै बमोजिम र अन्य व्यवस्थाहरूको हकमा प्रचलित ऐन र कानुन बमोजिम हुनेछ ।

## अनुसूची १

### नमुना कृषि कार्यक्रम सञ्चालनका लागि अनुदान उपलब्ध गराउनका लागि प्रस्ताव आह्वानको सूचना

**सूचना । सूचना ।। सूचना ।।।**

यस .............ले आर्थिक वर्ष ...... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार **नमुना कृषि कार्यक्रम** सञ्चालनका लागि अनुदान उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा इच्छुक कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फार्म, कृषि कम्पनी आदिबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० दिनभित्र माग गरिएको सम्पूर्ण कागजातहरू समावेश गरी व्यावसायिक प्रस्ताव सहित आवेदन आह्वान गरिएको छ । थप जानकारीका लागि सम्बन्धित यस........... सम्पर्क गर्न हुन अनुरोध छ ।

| रु १० को टिकट |
|---|

# अनुसूची २
## आवेदन फारम

श्रीमान् ..................ज्यू,                                                      मितिः

.................. ।

**विषयः नमुना कृषि कार्यक्रम सञ्चालनका लागि अनुदान सम्बन्धमा।**

महोदय,
प्रस्तुत विषयमा तहाँ ..................बाट नमुना कृषि कार्यक्रम सञ्चालनका लागि प्रस्ताव माग भए बमोजिम (आवेदक संस्था वा कम्पनीको नाम तथा ठेगाना)...... ................................ ले सञ्चालन गर्ने ........................ व्यवसायिक योजना तथा व्यवसायिक क्रियाकलापका लागि जम्मा रकम रु........................./- (अक्षेरुपी ....... .........................................................) को व्यवसायिक योजना तयार गरी आवश्यक अन्य काजगातहरू सहित अनुदान सहयोगको लागि पेश गरेको व्यहोरा अनुरोध गर्दछु । व्यवसायिक योजनामा उल्लेख भएको कुल बजेटमध्ये तहाँ केन्द्रबाट नियमानुसार उपलब्ध हुने अनुदान रकम वा सहयोग रु ......................../- (अक्षरूपी ....... ............................) बाहेकको अन्य रकम (आवेदक संस्थाको नाम) .... ........................ले नगद तथा जिन्सी एवं श्रमदान गरी रु......................../- (अक्षरूपी .... ............) बराबरको योगदान गर्न सहमत रहेको हुँदा तहाँ ......................बाट सञ्चालित यस कार्यक्रमा छनौट गरिपाउँ भनी अनुरोध छ ।
साथै तपसिल अनुसारका कागजातहरू यसै निवेदनसाथ संलग्न राखी पेश गरेको व्यहेरा अनुरोध छ ।

**संलग्न कागजातहरू**

१. रु १० को टिकट टाँसेको अनुसूची २ अनुसारको निवेदन
२. नेपाली नागरिकताको प्रमाण पत्र ।
३. संस्था दर्ता, नवीकरण, कर चुक्ता, स्थायी लेखा नम्बर तथा लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि ।
४. जमिनको लालपूर्जाको प्रतिलिपी-पत्र । लिजमा जग्गा लिएको भए सम्झौताको प्रतिलिपि ।
५. सञ्चालन हुने नमुना कृषि आय आर्जन कार्यक्रमको व्यावसायिक योजना ।
६. आवेदकसँग रहेको नगद मौज्दातको प्रमाण र लगानीका स्रोतहरूको आधार ।
७. प्रस्तावित नमुना गाउँमा सिँचाइ, सडक तथा बिजुली आदिको उपलब्धता रहेको वा हुन सक्ने प्रमाण।
८. आफूले व्यहोर्ने रकमको प्रतिबद्धता पत्र ।

निवेदक
नामः
ठेगानाः
छापः

## अनुसूची-३
## नमुना वस्तीमा नमुना कृषि आयआर्जन कार्यक्रम सञ्चालन प्रस्ताव पेश गर्ने ढाँचा

**१. आवेदकको विवरण**

| | |
|---|---|
| आवेदक नाम | |
| पूर्ण ठेगाना (पत्राचारको लागि) | |
| यदि संस्था भए दर्ता भएको मिति | |
| स्थायी लेखा नम्बर | |
| संस्थाको मुख्य उद्देश्य | |
| प्रोपाइटरको वा अध्यक्षको नाम | |
| सम्पर्क मोबाइल नं. | |
| परियोजना स्थल (कार्य क्षेत्र) | |
| परियोजनाको नाम | |
| प्रस्तावित आयोजनाको कुल बजेट रु | |
| अनुदानग्राहीको तर्फबाट व्यहोर्ने रकम रु | |
| माग गरिएको अनुदान रकम रु | |
| स्थानीय निकाय वा गैर-सरकारी संस्थाबाट अनुदान प्राप्त हुने भए सोको विवरण पनि उल्लेख गर्ने | |
| प्रस्तावना पेश गर्ने कार्यालयको नाम | |

**२. कार्यक्रम सञ्चालन गरिने स्थान र प्रमुख बजार वा मोटर बाटो बीचको दुरी**

**३. कार्यक्रम सञ्चालन गरिने स्थानमा उपलब्ध अन्य भौतिक सुविधाहरू (सडक, पानी, विद्युत आदि) उपलब्धताको बारेमा उल्लेख गर्ने ।**

**४. हाल नमुना कृषि आयआर्जन कार्यक्रम सञ्चालन भएको भए सोको विवरण उललेख गर्ने ।**

| क्र. सं. | कार्यक्रम विवरण | कार्यक्रमले ओगटेको क्षेत्रफल वा सङ्ख्या | वार्षिक उत्पादन | वार्षिक आम्दानी (रु.) | रोजगारी सिर्जना (सङ्ख्या) |
|---|---|---|---|---|---|
| | | | | | |
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | | |

**५. प्रस्तावित कार्यक्रमको औचित्य तथा महत्व**

**६. प्रस्तवित कार्यक्रमको अपेक्षित उपलब्धि**

क्षेत्रफल वा सङ्ख्या

वार्षिक उत्पादन

वार्षिक आम्दानी रु

रोजगारी सिर्जना

**७. नमुना कृषि आयआर्जन कार्यक्रम अन्तरगत सञ्चालन हुने मुख्य-मुख्य क्रियाकलापहरू**

| **क्र.सं.** | **क्रियाकलाप विवरण** | **एकाइ** | **परिणाम** | समापन गर्ने मिति |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | |

**८. कार्यक्रम सञ्चालन अवधिः**

**९. खर्च विवरणः**

**क. स्थिर खर्चको विवरणः**

कृषि यन्त्र उपकरणहरू, भवन, तारबार, सिँचाइको व्यवस्था आदि जस्ता संरचना निर्माणमा हुने खर्च समावेश गर्ने ।

| **क्र.सं.** | **क्रियाकलापहरूको विवरण** | **एकाइ** | **परिमाण** | **दर** | **जम्मा खर्च (रु.** |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | | |

**ख. चालु खर्चको विवरण (एक वर्षको मात्र)**

बिउ, मल, विषादी, प्लाष्टिक आदिमा हुने खर्च ।

| **क्र.सं.** | **क्रियाकलापहरूको विवरण** | **एकाइ** | **परिमाण** | **दर** | **जम्मा खर्च (रु.)** |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | | |

**१०. प्रस्तावित कार्यक्रमको लागत विवरण**

**आफ्नो लगानी र माग गरिएको अनुदान रकम**

| क्र.सं. | विवरण | अनुदानग्राहीको लगानी (रु.) | माग गरिएको अनुदान (रु.) | स्थानीय निकाय वा अन्य संस्थाको लगानी (रु.) | जम्मा रकम (रु.) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | | |

**११. अनुदान सहयोग पश्चात प्रस्तावित कार्यक्रमको निरन्तरताका आधारहरू उल्लेख गर्नुहोस् ।**

**१२. नयाँ सोंच केही भए उल्लेख गर्नुहोस्**

प्रस्तावकको

संस्थाका नाम

संस्थाको छापः

ठेगाना

दस्तखतः

मितिः

## अनुसूची ४

## नमुना कृषि कार्यक्रम सञ्चालनका लागि अनुदान उपलब्ध गराउनका लागि प्रस्ताव मूल्याङ्कन फारम

| सि नं | छनौटको आधार | प्राप्त हुने अङ्क |
|---|---|---|
| १ | **नमुना कार्यक्रम सञ्चालनका लागि नमुना गाउँमा आवश्यक पूर्वाधार सम्बन्धी व्यवस्था** | **२०** |
| | (क) सडक र बिजुलीको सुविधा भएको | २० |
| | (ख) सडक भएको र बिजुलीको सुविधा नभएको/हुन नसक्ने | १० |
| | (ग) सडक भएको तर बिजुलीको सुविधा नभएको | १० |
| | (घ) सडक र बिजुलीको सुविधा नभएको | ० |
| २ | **नमुना कार्यक्रम सञ्चालन हुने गाउँ वा वस्ती उपयुक्त भए/नभएको वा एउटै क्लष्टरमा परेको/नपरेको** | **३०** |
| | (क) प्रस्तावित नमुना कार्यक्रमका लागि गाउँ वा ठाउँ उपयुक्त भएको र एउटै क्लष्टरमा परेको | ३० |
| | (ख) नमुना कार्यक्रमका लागि गाउँ वा ठाउँ उपयुक्त भएको र एउटै क्लष्टरमा नपरेको | १५ |
| | (ग) नमुना कार्यक्रमका लागि गाउँ वा ठाउँ उपयुक्त नभएको र एउटै क्लष्टरमा नपरेको | ० |
| ३ | **प्रस्तावित नमुना अनुदानपश्चात निरन्तरताको सम्भावना** | **३०** |
| | (क) प्रस्तावित नमुना कार्यक्रम अनुदान सञ्चालन पश्चात निरन्तर हुने बलियो आधार देखिएको | ३० |
| | (ख) प्रस्तावित परियोजना अनुदान सञ्चालनपश्चात निरन्तर हुन सक्ने | २० |
| | (ग) प्रस्तावित परियोजना अनुदान सञ्चालनपश्चात निरन्तर हुन सक्ने आधार नभएको | १० |
| ४ | **स्थानीय निकाय वा गैर-सरकारी संस्थाको सहभागिता** | **१०** |
| | (क) स्थानीय निकायको सहभागिता सुनिश्चित भएको | १० |
| | (ख) गैर-सरकारी संस्थाको सहभागिता सुनिश्चित भएको | ५ |
| | (ग) दुबैको सहभागिता नहुने | ० |
| ५ | **प्रास्तवित कार्यक्रमका उपलब्धिहरू प्राप्त हुने बलियो आधार** | **१०** |
| | प्रास्तवित कार्यक्रमबाट उपलब्धिहरू प्राप्त हुने आधार बलियो देखिएको | १० |
| | प्रास्तवित कार्यक्रमबाट उपलब्धिहरू केही मात्रामा प्राप्त हुने आधार देखिएको | ५ |
| | परियोजनमा प्रास्तवित उपलब्धिहरू प्राप्त हुने आधार नदेखिएको | ० |
| | **जम्मा** | **१००** |

**अनुसूची ५**

**प्रतिबद्धता पत्र**

........ले मिति २०..../ ..../ ....को सूचना अनुसार नमुना कृषि कार्यक्रम सञ्चालनका लागि सञ्चालन हुने कार्यको लागि कार्ययोजना सहितको आवेदन पेश गरेको छु/छौं । उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्ने गरी ........वर्षसम्म निरन्तरता दिनेछु/दिनेछौं । कार्ययोजना अनुसारको कार्य नगरेमा ........भन्दा अगावै सो कार्यहरू बन्द गरेमा गण्डकी प्रदेश सरकारबाट प्राप्त अनुदान रकम फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/गर्दछौं । अन्यथा ऐन कानुन बमोजिम सहुँला/बुझाउँला । साथै सन्चालित कृयाकलापबाट वातावरणलाई असर नपुर्‍याउने प्रतिबद्धता समेत व्यक्त गर्दछु/गर्दछौं । इति संवत् २०७...../ ..../ .....गते रोज ...... शुभम् ।

नाम :

ठेगाना :

दस्तखत :

मिति :

संस्थाको छाप :

| दायाँ | बायाँ |
|---|---|
| | |

## अनुसूची - ६

## सम्झौता-पत्र

१. यो सम्झौता पत्र ..................(प्रथम पक्ष) र ...........(दोस्रो पक्ष) बीच नमुना कृषि कार्यक्रम सञ्चालनका लागि प्रयोग हुनेछ ।
२. सम्झौता भएको मितिदेखि यस सम्झौता प्रारम्भ भएको मानिनेछ ।
३. दोस्रो पक्षले सम्झौतामा उल्लेख भए बमोजिमका कार्यहरू सम्झौता भएको मितिले ......... दिनभित्र सुरू गर्नुपर्नेछ ।
४. नमुना कृषि कार्यक्रम सञ्चालनका लागि प्रथम पक्षले दोस्रो पक्षलाई आयोजनाको प्रकृति अनुसार ......... किस्तामा सम्झौता बमोजिमको रकम उपलब्ध गराउने छ । कार्यक्रमका लागि स्वीकृत अनुदान रकम वा सहयोग मध्ये कम्तीमा ......... प्रतिशत रकम कार्य प्रारम्भ भएपछि प्रथम किस्ताको रूपमा उपलब्ध गराउने र सम्पूर्ण काम समापन भएपछि अन्तिम किस्ताको रूपमा बाँकी रहेको सम्पूर्ण रकम उपलब्ध गराउने छ ।
५. अनुदान प्राप्त हुने रकमको अधिकतम ३.० (तीन) प्रतिशत रकम कन्टिन्जेन्सी बापत पहिलो पक्षले दैनिक भ्रमण भत्ता, इन्धन, कार्यालय समान र अन्य आवश्यक काममा प्रयोग गर्नेछ ।
६. किस्ता रकम भुक्तानी दिंदा ......... ......... समिति सिफारिसको आधारमा गरिनेछ । दोस्रो पक्षले कार्यक्रम सञ्चालन गर्दा ......... ......... समितिको निर्देशन अनुसार कार्य गर्नु पर्नेछ ।
७. अन्तिम किस्ता भुक्तानी गर्ने सम्बन्धमा कार्यान्वयन समिति मूल्याङ्कन गरी अन्तिम बिल सहितको सम्पन्न प्रतिवेदन तयार गरी दोस्रो पक्षले प्रथम पक्षसँग अनुरोध गर्नु पर्नेछ र प्रथम पक्षले सम्पूर्ण प्रतिवेदन तथा बिलहरू प्राप्त भएको ............ दिनभित्र भुक्तानीको आवश्यक व्यवस्था मिलाउनेछ ।
८. नमुना कृषि कार्यक्रम सञ्चालनका सम्बन्धी कार्यक्रमहरू ................वर्ष भित्र सम्पन्न गर्नुपर्नेछ ।
९. दोस्रो पक्षले निर्माण कार्यको सार्वजनिक सुनुवाइ गर्नुपर्नेछ ।

| | |
|---|---|
| ............................. | ................................ |
| प्रथम पक्षका तर्फबाट | दोस्रो पक्षका तर्फबाट |
| नामः | नाम : |
| पदः | पद : |
| संस्थाको नाम र छापः | फर्मको नाम र छापः |

<u>साक्षीहरू</u>

## अनुसूची-७

### क. कार्यक्रम सञ्चालनका लागि स्थान छनौटका आधरहरू:

- कार्यक्रम प्रस्ताव स्थान सामाजिक, संस्कृति, धार्मिक र पर्यटकीय विशेषता बोकेको र व्यवस्थित वसोवास भएको गाउँ वा ठाउँ हुनु पर्ने,
- प्रस्तावित नमुना गाउँमा कम्तीमा ५० घर धुरी भएको हुनु पर्नेछ,
- आन्तरिक र बाह्य पर्यटकहरूको आवागमन हुने गाउँ हुनु पर्दछ,
- विद्युत उपलब्धता भएको वा हुन सक्ने ठाउँ हुनु पर्दछ,
- सडक पहुँच भएको वा हुन सक्ने गाउँ हुनु पर्दछ ।
- कार्यक्रम सञ्चालन गर्दा कृषक समूह, कृषि सहकारी र तथा स्थानीय निकायको सहकार्यलाई प्रथामिकता दिइने छ ।

### ख. सञ्चालन हुने कार्यक्रम

प्रस्तावित नमुना गाउँमा सञ्चालन हुने नमुना कृषि कार्यक्रमले कृषकहरूको आम्दानी वृद्धि गर्न सहयोग पुर्याउने खालको हुनु पर्नेछ । नमुना कार्यक्रम एउटा निश्चित क्लस्टरमा सञ्चालन गर्ने गरी प्रस्ताव पेश गर्नु पर्दछ । एउटा क्लष्टरमा एक वा सोभन्दा धेरै कृषिवस्तु उत्पादन गर्न सकिने छ । एउटा नमुना गाउँको सबै बासिन्दाहरू नमुना कृषि आयआर्जन कार्यक्रम संलग्न हुनु पर्दछ ।

नमुना कृषि कार्यक्रमहरू तपसिलका बमोजिमका हुन सक्ने छ :

- **तरकारी उत्पादन कार्यक्रमः** प्रस्तावकले नमुना गाउँमा लागि व्यवसायिक तरकारी उत्पादन कार्यक्रम सञ्चालन गर्न सक्नेछन् । यस कार्यक्रममा प्लाष्टिक टनेल र एग्रीनेट घरभित्र व्यवसायिक तरकारी खेती पनि हुन सक्नेछ । एउटा प्रस्तावकले कम्तीमा पनि ३ रोपनी क्षेत्रफलमा तरकारी लगाउनु पर्ने हुन्छ ।
- **व्यवसायिक फलफूल खेतीः** प्रस्तावकले नमुना गाउँमा व्यवसायिक फलफूल खेती जस्तैः सुन्तला, स्याउ, ओखर, केरा आदिको बगैंचा स्थापनाका लागि प्रस्ताव पेश गर्न सक्ने छन् । एउटा प्रस्तावले कम्तीमा पनि ५ रोपनी क्षेत्रफलमा फलफूल बगैंचा स्थापन गर्नु पर्नेछ ।
- **च्याउ उत्पादन कार्यक्रमः** स्थानीयस्तरमा ताजा च्याउको उपलब्धता वृद्धि गराउनका लागि नमुना गाउँमा च्याउ उत्पादन कार्यक्रम सञ्चालन लागि प्रस्ताव पेश गर्न सक्नेछन् । एउटा च्याउ उत्पादन घरको क्षेत्रफल कम्तीमा पनि २०० वटा पोका च्याउ अटाउने हुनु पर्दछ ।
- **मौरी पालन कार्यक्रमः** स्थानीयस्तरमा नै स्वच्छ मह उत्पादनका लागि मौरी पालन कार्यक्रम सञ्चालन प्रस्ताव पेश हुन सक्नेछ । एउटा प्रस्तावकले कम्तीमा पनि १० घार मौरी पाल्नु पर्दछ ।